# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बर्दघाट, नवलपरासी
### ५ नं प्रदेश, नेपाल

प. सँः ०७७।७८
च.नं. ९४८ | मितिः ०७७।४।२२

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
५ नं. प्रदेश
नेपाल

**विषयः कोभिड–१९ को व्यवस्थापन सम्बन्धी निर्णय सार्वजनिक सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोभिड –१९ को संक्रमण देशव्यापीरूपमा समुदाय स्तर सम्म फैलिरहेको सन्दर्भमा विश्व स्वास्थ्य सँगठन तथा नेपाल सरकार स्वास्थ्य तथा जनसँख्या मन्त्रालयबाट जारी यस सम्बन्धी पूर्वसतर्कताको लागि अबलम्वन गर्नुपर्ने उपायहरुको पूर्ण पालना गर्दै थप सतर्कताको लागि देहायबमोजिमका पूर्वतयारी एवं संक्रमण न्युनीकरणका कार्यहरू गर्ने/गराउने सम्बन्धमा मिति ०७७/४/२१ को नगरकार्यपालिका वैठकबाट तपसिल बमोजिमको निर्णय भएको व्यहोरा जानकारी गराइन्छ ।

१. माक्स सेनीटाइजर लगायतका व्यक्तिगत सुरक्षा सामाग्रीको अनिवार्य प्रयोग गर्ने,
२. सामाजिक/भौतिक दुरी कायम गर्ने
३. सम्भावित संक्रमितहरुलाई सम्भव भएसम्म होम क्वारेन्टाइनमा राख्ने वा स्वयमको व्यवस्थापनमा होटलमा सुरक्षित रुपमा बस्न लगाउने, होम क्वारेन्टाइनमा बस्न सम्भव नहुने र स्वयं व्यवस्थापन पनि गर्न नसक्ने विपन्न व्यक्तिका लागि मात्र भाद्र १ गते देखी देखी विद्यालय वाहीरका सामूदायिक भवनहरुमा क्वारेन्टाइन व्यवस्थापन गरी बस्ने व्यवस्था मिलाउने कार्य नगरपालिका र वडा कार्यलयहरू मार्फत गर्ने, निजहरुको खानाको व्यवस्था समेत यथासम्भव सम्बन्धित परिवारले नै व्यवस्थापन गर्ने
४. पहिचान भएका संक्रमितहरुलाई आइसोलेशनमा उपचार गर्ने प्रबन्धको लागि आइसोलेशन भवन निर्माण गर्ने कार्यलाई तिव्रता दिने
५. लकडाउन अवधि सकिएता पनि नेपाल सरकारबाट तत्काल व्यावसाय सञ्चालनमा प्रतिबन्धित सूचिमा रहेका व्यावसायहरु शैलुन र ब्युटी पार्लरहरू खोल्न नदिने
६. भारत तथा तेश्रो मुलुकबाट फर्किने प्रत्येक व्यक्तिको पिसिआर परिक्षण नतिजाको आधारमा मात्र नगरपालिका प्रवेश गर्न अनुमति दिने
७. बाहीरबाट नगरपालिका प्रवेश गर्ने प्रत्येक व्यक्तिहरुलाई सम्बन्धित वडा कार्यालयमा सूचिकृत गर्ने

मेघ नाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत